जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ | स.नि.वि.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ | अंक ५७ | २०८० साल असोज ८ गते सोमबार (25 Sep. 2023 Monday) | मूल्य रु. ५/-

चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।
चाडपर्वमा फजुल खर्च नगरौं

हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं।
मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : नेपालमा लगानी गर्न चिनियाँ.. ३ पृष्ठमा : मधेस विश्वविद्यालयमा कानुन... ३ पृष्ठमा : बेनिनको पेट्रोल भण्डारमा..

# १७ लाख भन्दा बढी मुल्य बराबरको चाँदीको गरहगनासहित दुई पक्राउ









**दैनिक समाचारदाता**
**राजविराज, ७ असोज ।**

सप्तरी प्रहरीले १७ लाख भन्दा बढी मुल्य बराबरको चाँदीका गरगहनासहित दुई जनालाई पक्राउ गरेको छ ।

जिल्लाको बोदेबर्साइनबाट नगरपालिका वडा नं. ५ हुलाकी सडक खण्ड अन्तरगत खडक खोला पुलमा प्रहरीले चेकजाच गर्ने क्रममा शुक्रबार सिरहाको मिर्चैया नगरपालिका वडा नं. २ महदेवा निवासी १९ वर्षिय अशोक साह र सोही नगरपालिका वडा नं. १२ निवासी २४ वर्षिय बिनोद ठाकुरलाई पक्राउ गरेको हो ।

ईलाका प्रहरी कार्यालय बोदेबर्साइन तथा जिल्ला प्रहरी कार्यालय सप्तरीबाट खटिएको संयुक्त टोलिले चेक जाँचको क्रममा उनीहरुको साथबाट कालो झोलामा राखिएको १७ किलो ५ सय किलोग्रामको चाँदीका गरगहना बरामद गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज न्यौपानेले जानकारी दिए ।

प्रहरी टोलिले प्र.२-०१-००४प.०३५८ न.को मोटरसाइकलमा सवार दुबै जनालाई चेकजाँच गर्ने क्रममा पछाडी सवार विनोद कुमार ठाकुरले बोकेको कालो झोलाबाट १७ किलो ५ सय किलोग्राम १७ लाख ५० हजार मुल्य पर्ने चाँदीका गरहगना, २ लाख ९६ हजार ६ सय नगद तथा ३३ हजार ८ सय, २० हजार ९ सय र ५६ हजार ५ सयका दरले तीन वटा चेक समेत बरामद भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

पक्राउ परेका उनीहरु उपर आवश्यक अनुसन्धान सकिएपछि प्रहरीले आइतबार सम्पूर्ण घटना विवरण सार्वजनिक गरेको छ । दुबै जनाले प्रयोग गरेको मोटरसाइकल, बरामद गरगहना, नगद र चेकसहित उनीहरुलाई राजश्व अनुसन्धान कार्यालय इटहरी आवश्यक कारवाहीका लागि पठाइएको प्रहरीले जनाएको छ ।

# मुस्लिम आयोगद्वारा मलंगवा घटना बारे सरकारलाई ध्यानाकर्षण

**दैनिक समाचारदाता**
**राजविराज, ७ असोज ।**

मुस्लिम आयोगले सर्लाहीको मलङ्गवा नगरपालिकामा मूर्ति सेलाउने क्रममा उत्पन्न द्वन्द्वले धार्मिक सहिष्णुता खलबलाउने प्रयास भएको भन्दै सरकारको ध्यानाकर्षण गराएको छ ।

मुस्लिम आयोगका अध्यक्ष समिम मियाँ अन्सारीले आइतबार उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठलाई भेटेर मलङ्गवा घटनाका सन्दर्भमा ध्यानाकर्षण गराएका हुन् ।

उनले मलगंवासहित मधेस प्रदेशका केही जिल्लाहरुमा अराजक तत्वहरूले धार्मिक सहिष्णुता खलबलाउने प्रयास गरिरहेको भन्दै दोषीलाई कडा कारबाहीको माग गरे । उनले कर्फ्युको बाबजुतपनि मुस्लिम समुदायको घरघरमा लुट्ने, चेलिबेटिलाई दुर्व्यवहार गर्ने कार्य भइरहेको भन्दै दोषीलाई हदैसम्मको कारबाही गर्न गृह मन्त्रीलाई आग्रह गरे । अन्सारीले मुस्लिम समुदाय सदैव शान्ति, समृद्धि र देशको उन्नति प्रगतिको पक्षमा रहेको बताए ।

विश्वकर्मा पूजाको मूर्ति सेलाउन ट्र्याक्टरमा मलंगवा नगरपालिका ३ विश्वकर्मा चो पोखरीमा सेलाउन लैजाने क्रममा ट्रयाक्टरमा बजिरहेको डिजे बाजाको विषयलाई लिएर विवाद बढेपछि तनावको स्थिति सृजना भएको थियो ।

# बृहत पुस्तक प्रदर्शनी सुरु

**दैनिक समाचारदाता**
**राजविराज, ७ असोज ।**

साहित्यीक संस्था साझा प्रकाशनले आइतबारदेखी राजविराजमा बृहत पुस्तक प्रदर्शनीको आयोजना गरेको छ ।

शिक्षाविद् एवं कन्त-चन्द्र उच्च मावि विद्यालय पातो व्यवस्थापन समितिका अध्यक्ष अमरकान्त चौधरीले उद्घाटन गरेका छन् । सो अवसरमा उनले यस्ता प्रदर्शनीले सम्पूर्ण भाषा, साहित्य, कला र संस्कृतीको श्रीबृद्धिमा टेवा पुऱ्याउने विश्वास व्यक्त गरे ।

उनले शैक्षिकस्तर सुधार र प्रत्येक भाषा, साहित्य, कला संस्कृतिको संरक्षण र विकासका लागि आफूले पनि सक्दो सहयोग गर्ने प्रतिबद्धता पनि जनाए ।



१३ दिनसम्म चल्ने प्रदर्शनीमा साहित्य, संस्कृति, कला, इतिहास, धार्मिक ग्रन्थ, शब्दकोषसँग सम्बन्धीत २ हजार ६ सय भन्दा बढी शिर्षकका पुस्तक राखिएका छन् । १ हजार ६ सय भन्दा लेखकको कृती राखिएको प्रदर्शनी असोज २१ सम्म चल्ने र उक्त अवधीभर विभिनन विद्याका पुस्तकमा २५ देखी ५० प्रतिशतसम्म छुटको व्यवस्था मिलाइएको साझा प्रकाशनले जनाएको छ ।

# मधेशी आयोगले उच्चस्तरीय अनुगमन टोली पठायो

**दैनिक समाचारदाता**
**राजविराज, ७ असोज ।**

मधेसी आयोगले सर्लाहीको मलंगवामा भएको घटनाको सत्यतथ्य पत्ता लगाउन एक उच्चस्तरीय अनुगमन टोली पठाएको छ ।

शुक्रबार गणेश चतुर्थिको मुर्ती सेलाउने क्रममा दुई समुदायबीच झडप भएको र त्यसपछि घटनाले उग्र रुप लिएसँगै गम्भीर ध्यानाकर्षण गराउँदै आयोगले घटनास्थलमा अनुगमन टोली पठाएको हो ।

अध्यक्ष डा.विजयकुमार दत्तले यस्ता घटनाहरुप्रति आयोग गम्भीर रहेको बताउँदै दोषीलाई कानुनी कारवाहीको दायरामा ल्याउन आयोगले समय-समयमा स्थानीय प्रशासनलाई निर्देशन दिएको बताए । उनले यसबारे संघीय, प्रदेश तथा स्थानीय सरकारलाई सचेत समेत गराइएको बताए ।

आयोगले कानुन विपरित कार्य गर्ने जो-कोही लाई पनि कानुनी दायरा भित्र यथाशिघ्र ल्याउन स्थानीय प्रशासनलाई सचेत गराएको छ । आयोगले सो घटनामा घाइते भएकाहरुको उपचारको लागि सरकारलाई तुरुन्त आवश्यक व्यवस्था मिलाउन समेत ध्यानाकर्षण गराएको छ ।

## लम्पी स्किन रोगबाट बचाउने उपायहरु

**पशुमा लाग्ने लम्पी स्किन रोगबाट बचाउन:**

- झिंगा, लामखुट्टे, किर्ना, भुसुना जस्ता टोक्ने वा रगत चुस्ने किराहरुको नियन्त्रण गरौं।
- तीन महिना भन्दा बढी उमेर समुहका पशुलाई लम्पी स्किन विरुद्धको खोप बर्षेनी लगाऔं।
- गोठ सफा राखी नियमित फिनेल पानी छर्कने गरौं।
- रोगी पशुलाई सामुहिक चरन/खर्क/आहालमा नलैजाऔं।
- संक्रमित क्षेत्रका पशुको ओसारपसार नगरौं।
- अन्यत्रबाट ल्याईएको पशुलाई कम्तिमा २८ दिन अलग्गै राखौं।
- मरेका पशु र लसपस भएको सोत्तरलाई गहिरो खाडलमा पुरौं।
- पशुचिकित्सकसँग परामर्श गरी लम्पी स्कीन रोग विरुद्ध खोप लगाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

# नेपालमा लगानी गर्न चिनियाँ लगानीकर्तालाई प्रधानमन्त्रीको आग्रह

**एकराज पाठक/रासस**
बेइजिङ, ७ असोज ।
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले चिनियाँ लगानीकर्तालाई नेपालमा लगानीका लागि आग्रह गर्नुभएको छ ।

चीनको औपचारिक भ्रमणमा रहनुभएका प्रधानमन्त्री दाहालले आइतबार बेइजिङमा आयोजित नेपाल-चीन विजनेस समिटलाई सम्बोधन गर्नुहुँदै नेपालमा लगानीको वातावरण बनेको र यसको लाभ लिनका लागि चिनियाँ लगानीकर्तासमक्ष आग्रह गर्नुभयो ।

चीनस्थित नेपाली र ाजदूतावासको समन्वय तथा नेपाल उद्योग वाणिज्य महासङ्घ र चिनियाँ उद्योगी व्यवसायीहरूको संस्था सिसिपिआइटीले आयोजना गरेको सम्मेलनमा उहाँले भन्नुभयो, "हामीले लगानीमैत्री वातावरण बनाउनका लागि सम्बन्धित नीति तथा कानून संशोधन तथा अद्यावधिक गरेका छौँ, त्यसैले अहिले नेपालमा लगानीको वातावरण राम्रो बनेको छ ।"

प्रधानमन्त्री दाहालले नेपालमा पर्यटन, पूर्वाधार, उर्जा, कृषि, औषधिजन्य उत्पादनलगायतका क्षेत्रमा लगानीको राम्रो सम्भावना भएको भन्दै लगानी गरी लाभ लिन पनि आग्रह गर्नुभयो । "नेपालमा पछिल्लो समय लगानीको वातावरण बनेको छ, सम्भावना भएका क्षेत्रमा लगानी गरी लाभ लिन म यहाँहरूसमक्ष आग्रह गर्दछु", चिनियाँ लगानीकर्तालाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले भन्नुभयो, "नेपालमा श्रम कानून पनि लगानीमैत्री र लचिलो छ ।"

उहाँले नेपालमा कर पनि तुलनात्मकरूपमा कम र हेको भन्दै लगानीको उचित वातावरण बनेको स्पष्ट पार्नुभयो । नेपालमा लगानीको सुरक्षा र आवश्यक एवं उचित वातावरण निर्माणका लागि सरकार प्रतिबद्ध रहेको समेत बताउनुभयो ।

सम्बोधनका क्रममा प्रधानमन्त्री दाहालले नेपाल र चीनबीचको सम्बन्ध प्राचीन तथा ऐतिहासिक भएको उल्लेख गर्नुभयो । "पाँचौँ शताब्दीमा नेपाली भिक्षु बुद्धभद्रले चीनको भ्रमण गर्नुभएको थियो भने सातौँ शताब्दीमा नेपालकी र ाजकुमारी भृकुटीको तिब्बतका राजा स्रङचङ गम्पोसँग विवाह गरी दुई देशबीचको सम्बन्ध अझ सुमधुर भएको थियो, १३औँ शताब्दीमा नेपाली कलाकार अरनिकोले चीन आएर वास्तुकलाको क्षेत्रमा योगदान दिनुभएको थियो", उहाँले भन्नुभयो । प्रधानमन्त्री दाहालले सोही समयदेखि हिमालवारि र हिमालपारिको व्यापार सुरु भएको समेत भनाइ राख्नुभयो ।

सो अवसरमा उहाँले चीन नेपालका लागि प्रत्यक्ष वैदेशिक लगानीको लागि ठूलो स्रोत र व्यापारका दृष्टिले दोस्रो मुलुक भएको बताउनुभयो । नेपालको चीनसँग व्यापार घाटा ठूलो रहेको भन्दै त्यसलाई घटाउनका लागि उत्पादन क्षमतामा वृद्धि, भौतिक पूर्वाधार सुधार आवश्यक र हेको बताउनुभयो ।

"नेपालबाट चिया, जडीबुटी, कागती, भैँसीको मासु, कफी, अदुवालगायतका उत्पादन निर्यातको प्रचुर सम्भावना भएकाले यी वस्तुको उत्पादनमा हामीले प्राथमिकता दिएका छौँ", प्रधानमन्त्री दाहालले भन्नुभयो, "यसका लागि हामीले प्राविधिक अवरोध न्यूनीकरण गर्दै यस्ता उत्पादन प्रशोधनका क्षेत्रमा काम गरिरहेका छौँ ।"

नेपाल सन् २०२६ मा अति कम विकसित देशबाट विकासोन्मुख देशमा स्तर ोन्नति हुने तयारीमा रहेको भन्दै सन् २०३० सम्ममा मध्यम आय भएको मुलुकमा पुग्ने लक्ष्य लिएको उहाँले बताउनुभयो । "हामीले सन् २०१७ मा चीन सरकारसँग 'बेल्ट एण्ड रोड इनिसिएटिभ'मा आबद्ध भएका छौँ, अहिले हामी कार्यान्वयनको अन्तिम तयार ीमा छौँ", उहाँले भन्नुभयो ।

प्रधानमन्त्री दाहालले दुई देशबीचको क्रस बोर्डर कनेक्टिभिटी बढाउनका लागि महत्त्वपूर्ण अग्रसरता लिएको उल्लेख गर्दै आर्थिक सम्बन्धमा जोड दिइएको बताउनुभयो । नेपालमा विद्युत् आपूर्ति उल्लेख्यरूपमा बढेको उल्लेख गर्दै उहाँले नेपाल यतिबेला विद्युत् निर्यात गर्ने अवस्थामा आइपुगेको बताउनुभयो ।

ल ¶ी सो अवसरमा चीनका वाणिज्य उपमन्त्री लि फाइले नेपाल र चीन सदियौँदेखिको घनिष्ट मित्र भएको भन्दै चीनले नेपालको सदैव उन्नति र समृद्धि देख्न चाहेको बताउनुभयो । उहाँले दुई देशबीच विभिन्न क्षेत्रमा लगानीका अधिक सम्भावना र हेकाले आपसी समृद्धि, विकास र आर्थिक उन्नतिका लागि नेपालमा लगानीका क्षेत्र पहिचान गर्नका लागि दुवै देशले सामूहिक प्रयास गर्नेमा जोड दिनुभयो ।

सो अवसरमा नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले चिनियाँ लगानीकर्ताका लागि नेपाल लगानीको विश्वासिलो गन्तव्य भएको भन्दै अझ बढी चिनियाँ लगानीको अपेक्षा रहेको बताउनुभयो ।

उहाँले चीन नेपालका लागि दोस्रो ठूलो व्यापार साझेदार मुलुक भएको बताउनुभयो । नेपालले कूल आयातको १६ प्रतिशत चीनबाट गर्ने गरेको उल्लेख गर्दै अध्यक्ष ढकालले नेपालबाट चीनतर्फको निर्यात कम भएकाले यसलाई बढाउनपर्नेमा जोड दिनुभयो ।

"नेपालमा लगानी गर्ने बहुराष्ट्रिय कम्पनीहरूले उच्च प्रतिफल लिइरहेका छन्", उहाँले भन्नुभयो, "नेपाल विदेशी लगानी भित्र्याउन र प्रविधि हस्तान्तरणका लागि तयार छ ।" उहाँले यस वर्ष नेपालमा पर्यटकीय पूर्वाधार मा उल्लेखनीय प्रगति भएको, दुई वटा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएको र पर्यटकीय गन्तव्य सञ्चालनमा आएको भन्दै लगानीको सम्भावना बढेर गएको बताउनुभयो ।

नेपाल उद्योग वाणिज्य महासङ्घले वैदेशिक लगानीकर्तालाई लक्षित गरी एकद्वार प्रणालीमार्फत वैदेशिक लगानी ल्याउनका लागि एफडीआई हेल्प डेस्क स्थापना गरेको समेत जानकारी गराउनुभयो । उहाँले चिनियाँ लगानीकर्तालाई नेपालको ऊर्जा क्षेत्रमा राम्रो सम्भावना भएको भन्दै लगानीका लागि आग्रह गर्नुभयो ।

सो अवसरमा चिनियाँ उद्योगी व्यवसायीहरूको संस्था सिसिपिआइटीका उपाध्यक्ष झाङ शाङगडले नेपालमा लगानीका लागि नेपाल उद्योग वाणिज्य महासङ्घ र सिसिपिआइटीको संयुक्त प्रयासमा लगानीका क्षेत्र पहिचान गरी लगानी गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

नेपाल उद्योग वाणिज्य महासङ्घका प्रत्यक्ष वैदेशिक लगानी एवं अन्तर्राष्ट्रिय सम्बन्ध समितिका सभापति मनोज पौडेलले नेपालमा युवा जनशक्तिको सङ्ख्या ठूलो भएको उल्लेख गर्नुहुँदै नेपालमा युवा उद्यमशीलता समेत बढेको बताउनुभयो । उहाँले नेपालमा भएको युवा जनशक्तिको पूर्ण उपयोग गरी लाभ लिन चिनियाँ लगानीकर्ता समक्ष आग्रह गर्नुभयो ।

# 'प्रोक्युरमेन्ट क्लिनिक'मा सबै स्थानीय तहलाई समेटिने

काठमाडौँ, ७ असोज (रासस) । सार्वजनिक खरिद अनुगमन कार्यालयले सार्वजनिक खरिदलाई सार्वजनिक वित्त व्यवस्थापन सुधारको एउटा महत्त्वपूर्ण अङ्गका रूपमा अगाडि बढाउने भएको छ ।

कार्यालयले नमूना बोलपत्र कागजात नेपाली भाषामा बनाइने र प्रोक्युरमेन्ट क्लिनिकमा सबै स्थानीय तहलाई समेट्ने तथा तालिम सामग्रीलाई अनलाइन प्रविधिबाट समेत सञ्चालन गर्ने कार्ययोजना तय गरेको छ ।

खरिद तथा सम्झौता व्यवस्थापनका विविध आयामलाई समेटेर पूर्ण अन्तर्क्रियामा आधारित सार्वजनिक निकायको खरिद क्षमता अभिवृद्धि गर्न चालु आर्थिक वर्षमा प्रोक्युरमेन्ट क्लिनिक कार्यक्रममा सबै स्थानीय तहलाई सहभागी बनाइने सचिव डा दामोदर रेग्मीले बताउनुभयो ।

उहाँले भन्नुभयो, "आर्थिक वर्षमा गण्डकी प्रदेश र बागमती प्रदेशमा सञ्चालित उक्त कार्यक्रमको प्रभावकारिता र सहभागीबाट व्यक्त विचारका आधारमा कार्यालयले ती प्रदेशका यसअघि सहभागिता जनाउन नपाएसहित सबै स्थानीय तहको क्षमता अभिवृद्धि गरिनेछ ।"

प्रोक्युरमेन्ट क्लिनिक एउटा सफल अन्तर्राष्ट्रिय अभ्यास भएको र यस विधिबाट खरिद कार्यमा संलग्न जनशक्तिको क्षमता विकास गर्न सकिने कार्यालयको दाबी छ ।

स्थानीय तह प्रदेश र सङ्घका कर्मचारीको सहभागितामा प्रोक्युरमेन्ट क्लिनिक कार्यक्रम सञ्चालन गरिनुका साथै खरिद विधि र प्रक्रियासम्बन्धी भिडियोहरू तयार गरी वेबसाइट वा युट्युबमा राखी इच्छुकले आफ्नै कार्यस्थलबाट अनलाइन तालिम लिनसक्ने प्रबन्ध कार्यालयले मिलाएको छ ।

सबै सार्वजनिक निकायको खरिद क्षमता अभिवृद्धि हुनसकेमा मात्र पुँजीगत खर्च बढ्न सक्ने र प्रतिस्पर्धी तथा मितव्ययी खरिद हुनसक्ने डा रेग्मी बताउनुहुन्छ । सोही कारण यस आर्थिक वर्षमा धेरै सुधारका कार्यक्रम अगाडि बढाउन थालिएको छ ।

कार्यालयले विद्युतीय खरिद प्रणालीको प्रयोगमा सहजता ल्याउन र प्रणालीको प्रयोगमा सार्वजनिक निकाय र वस्तु वा सेवाको आपूर्तिकर्ता र निर्माण व्यवसायीले सफ्टवेयर प्रयोगमा समस्या आए वा अस्पस्टता भए समाधानका लागि सहयोगकक्ष अर्थात् हटलाइनको व्यवस्था गरिसकेको छ ।

सार्वजनिक खरिदको कार्य जटिल र प्राविधिक विषय भएकाले यो जटिलतालाई सरल बनाउने कार्यको सुरुआत भएको छ । यसमा सार्वजनिक खरिद ऐनलाई प्रदेश र स्थानीय तहको आवश्यकताअनुरुप सामयिक बनाइने सरल खरिद कार्यविधि निर्माण गरिने र नमूना बोलपत्र काजगातलाई नेपाली भाषामा बनाइने विषय प्राथमिकतामा रहेको सचिव डा रेग्मीले बताउनुभयो ।

राष्ट्रिय तहमा प्रयोग हुने नमूना बोलपत्र कागजात नेपाली भाषामा बनाउनुपर्ने माग धेरै सार्वजनिक निकायबाट आइरहेको र यसलाई विभिन्न सरोकारवालाको सुझावबमोजिम सरल खरिद कार्यविधि र नमूना बोलपत्र काजगातलाई नेपाली भाषामा बनाउने कामलाई प्राथमिकता दिइएको छ । राष्ट्रियस्तरमा प्रयोग हुने कागजातमा आउन सक्ने भाषागत समस्या निराकरण गर्न यसको आवश्यकता महसुस भएको जनाइएको छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# मधेस विश्वविद्यालयमा कानुन सङ्कायको पठनपाठन हुने

वीरगञ्ज, ७ असोज (रासस)।

मधेस विश्वविद्यालयले आगामी मङ्सिर ४ गतेदेखि कानुन सङ्कायको पठनपाठन सुरु गर्ने भएको छ।

स्थापना भएको पहिलो एक वर्षमै पठनपाठन सुरु गर्न लागेको कानुन सङ्कायतर्फ बीए एलएलबीमा अहिले विद्यार्थीहरूको नाम दर्ता भइरहेको र आउँदो मङ्सिर ४ गतेदेखि पठनपाठन सञ्चालन हुने विश्वविद्यालय प्रशासनले जनाएको छ।

"कानुन सङ्कायतर्फ बीए एलएलबीमा भर्ना हुने विद्यार्थीको छनोट प्रवेश परीक्षा (इन्ट्रान्स)माध्यमबाट गरिएको र इन्ट्रान्सबाट छनोट भएका विद्यार्थीको यही असोज १५ गतेसम्म नाम दर्ता हुन्छ", मधेस विश्वविद्यालयका रजिष्ट्रार विजयकुमार यादवले भन्नुभयो, "त्यसपछि हिन्दू धर्मावलम्बीहरूको चाडपर्व नै सुरु हुन्छ, त्यसैले छठपर्वपछि कक्षा सञ्चालन हुनेछ।" अहिलेसम्म ७०-८० विद्यार्थीले नाम दर्ता गराइसकेको उहाँको भनाइ छ।

विद्यार्थी छनोटका लागि ८० पूर्णाङ्कको मौखिक र २० पूर्णाङ्कको अन्तर्वार्ता परीक्षा लिइने विश्वविद्यालयले जनाएको छ। उहाँका अनुसार विश्वविद्यालयमा अध्ययनका लागि कक्षा १२ वा प्रवीणता प्रमाणपत्र तहको परीक्षामा न्यूनतम ५० प्रतिशत वा सी प्लस अङ्क ल्याएको हुनुपर्ने मापदण्ड तय गरिएको छ।

मधेस विश्वविद्यालयलाई कानुन सङ्कायतर्फ एक सय १०, जनप्रशासनतर्फ ५५ वटा कोटा निर्धारण गरिएको छ। पठनपाठनका लागि मधेस विश्वविद्यालयद्वारा गठित पाठ्यक्रम विकास समिति र काठमाडौँ विश्वविद्यालयको विज्ञ टोलीले तयार पारेको पाठ्यक्रम पारित भइसकेको छ।

विश्वविद्यालयको तत्काल आफ्नो संरचना निर्माण भइनसकेकाले काठमाडौँ विश्वविद्यालयको समन्वयमा यी दुवै सङ्कायको पठनपाठन सुरु गर्ने तयारी गरेको छ। त्यससँगै विश्वविद्यालयले आवश्यक पूर्वाधार निर्माणको कार्यलाई समेत अघि बढाएको छ।

गत २०७९ वैशाख १४ गते मधेस प्रदेशसभाद्वारा मधेस विश्वविद्यालय ऐन, २०७९ जारी भई २०७९ साल भदौ २२ गते स्थापना भएको सो विश्वविद्यालयले एक वर्षकै अवधिमा दुई सङ्कायको पठनपाठन सुरु गर्न लागेको छ। विश्वविद्यालयले वीरगन्जस्थित नेशनल ट्रेडिङको भवन भाडामा लिई कार्यालय सञ्चालन गर्दै आएको छ।

पोलिटेक्निक, आइटी, व्यवस्थापन, पारामेडिकल, कृषि इन्जिनियरिङलगायतका प्राविधिक शिक्षाको माध्यमबाट मधेस प्रदेशलाई प्राविधिक शिक्षा 'हब'का रूपमा विकास गर्ने उद्देश्यका साथ अघि बढेको मधेस विश्वविद्यालयले जग्गा प्राप्तिसँगै आवश्यक भौतिक संरचनाका लागि डिपिआर तयारीमा जुटेको विश्वविद्यालयका उपकुलपति डा दीपक शाक्यले जानकारी दिनुभयो।

विश्वविद्यालयले पर्साको बहुदरमाई नगरपालिका-२ मा ३५ बिघा र पोखरिया नगरपालिकामा १६ बिघा ऐलानी जग्गा प्राप्त गरेको छ भने पर्साको पकाहाँ मैनपुर गाउँपालिकास्थित सुरजाहा कट्टीमठ्ठ (राधाकृष्ण मन्दिर)को २७ बिघा जग्गा पाएको छ।

बहुदरमाई नगरपालिका-२ मा प्राप्त भएको जग्गालाई सिमाङ्कन गरी पिलर जडान गरिएको छ भने पोखरिया नगरपालिकाको १६ बिघा जग्गाको स्वामित्व मधेस विश्वविद्यालयमा हस्तान्तरणका लागि वडा कार्यालयबाट सिफारिस भई अन्य प्रक्रियामा रहेको विश्वविद्यालयले जनाएको छ। विश्वविद्यालयले आफूलाई चाहिने विश्वविद्यालय सङ्गठन, शैक्षिक र प्रशासन नियमावली २०७९, शिक्षक, कर्मचारी सेवा नियमावली २०७९, आर्थिक प्रशासन नियमावली २०७९ बनाई पारित गरिसकेको छ।

## विद्यालय र सञ्चारमाध्यमबाट मर्यादित महिनावारीबारे सचेतना फैलाउनुपर्नेमा छलफल

काठमाडौँ, ७ असोज (रासस)।

मुलुकका सामाजिक न्याय कायम गर्न हरेक विद्यालय र सञ्चारमाध्यमले मर्यादित महिनावारीबारे सचेतना जगाउनुपर्नेमा जोड दिइएको छ।

राधा पौडेल फाउण्डेसन र शिक्षा पत्रकार समाजले आइतबार आयोजना गरेको 'मर्यादित महिनावारी र शिक्षा' विषयक छलफल कार्यक्रममा लैङ्गिक समानता प्राप्त गर्न विकास, नारीवाद र मानवअधिकारको इतिहासमा मर्यादित महिनावारी नयाँ आयाम भएकाले यसलाई जागरणको विषय बनाउनुपर्ने बताइएको हो।

फाउण्डेसनको अध्ययनमा महिनावारी हुँदा विद्यालय जानुहुँदैन, विद्यालयमा नातापर्ने पुरुष हुन्छन्, विद्यालय आफैमा सरस्वतीको मन्दिर हो भन्ने गलत सोचले छात्रामा बीचैमा कक्षा छाड्ने र बाल विवाह हुने समस्या देखिएको जनाइएको छ। सामाजिक अभियन्ता एवं लेखक राधा पौडेलले हरेक मानवको जन्म महिनावारी प्रक्रियाबाट हुने भएकाले महिनावारीको रगत अशुद्ध वा फोहर हो भन्ने भनाइ मिथ्या रहेकाले शिक्षाकर्मी र सञ्चारकर्मीले यसलाई चिर्न सक्नुपर्ने बताउनुभयो।

महिनावारीको विभेदले शक्ति र पितृसत्ताको निर्माण तथा सवलीकरणका साथै गुणस्तरीय र नियमित पढाइमा बाधा ल्याउने अध्ययनबाट देखिएको उहाँले जनाउनुभयो। "महिनावारी हुँदा महिनामा पाँच दिन बारेर विद्यालय नजाने हो भने किशोरीहरुको वर्षमा दुई महिना स्वतः पढाइ छुट्छ। उनीहरु प्रतिस्पर्धी बजारमा दक्षजनशक्ति बन्न नसक्ने अवस्था आउँछ। अझ डरलाग्दो स्थिति त बीचैमा पढाइ छाड्ने र बालविवाहका प्रवृत्ति पनि देखा पर्दछन्। यस्तो विभेदले असुरक्षित यौन सम्पर्क र गर्भपनका समस्या पनि देखिन सक्छ", अभियन्ता पौडेलले भन्नुभयो। उहाँले राष्ट्रिय महिनावारी नीतिको मस्यौदा २०७४ सालमा तयार भए पनि जारी हुन नसकेको र मुलुकी देवानीसंहिता, २०७४ मा महिनावारीसम्बन्धी विभेद्लाई दण्डनीय बनाइए पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन नसकेको टिप्पणी गर्नुभयो। अभियन्ता पौडेलले बुमन पिसमेकर अवार्ड र 'खलङ्गामा हमला' उपन्यासका लागि मदन पुरस्कार प्राप्त गरिसक्नुभएको छ।

कार्यक्रममा शिक्षा पत्रकार समाजसँगको सहकार्यमा मर्यादित महिनावारीका सवालमा खोज, अध्ययन पढाइ, स्थलगत रिपोर्टिङ, प्रकाशन र लेखनवृत्तिलगायत कार्यक्रम सञ्चालन गर्न सकिने सुझाइएको थियो।


## बालविवाह विरुद्ध अपील
## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ। विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ। त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने। अपाङ्गता भएका सन्तान जन्मन सक्ने।
६. विवाहपछि बालबालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गार्हो हुने।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हननमात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो। तसर्थ बालविवाह नगरौं नगराऔं।*

**बालविवाह सम्बन्धी कानुनी ब्यवस्था** :

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट ब्यवस्था गरेको छ। यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ। जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने ब्यवस्था गरेको छ। उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ। यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ। बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने ब्यवस्था कानूनले गरेको छ। तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं। बालविवाह रोक्न आजैदेखि पहल गरौं।

अनुरोधकर्ता

**तिलाठी कोइलाडी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, तिलाठी, सप्तरी**


## विश्व समाचार

### बेनिनको पेट्रोल भण्डारमा आगो लाग्दा पैतीस जनाको मृत्यु

कोटोनु, ७ असोज (रासस/सिन्हवा)।

गैरकानूनी ढङ्गले बेनिनको दक्षिणपूर्वी ओउमे क्षेत्रमा सञ्चालन गरिएको पेट्रोल भण्डार गृहमा आगो लाग्दा एक जना शिशुसहित कम्तीमा ३५ जनाको मृत्यु भएको छभने १० जनाभन्दा बढी गम्भीर घाइते भएका छन्।

बेननिको आन्तरिक तथा सार्वजनिक सुरक्षा मन्त्रालयका अनुसार शनिबार भएको उक्त आगलागीमा ३५ जनाको अमूल्य जीवन समाप्त भएको छभने १२ जना गम्भीर घाइते भएका छन्।

पेट्रोल भण्डारण गरिएको स्थान वरपरका घरसमेत जल्दा भौतिक क्षति पनि धेरै भएको छ। इन्धन सञ्चय गरिएको स्थानमा आगो लाग्दा ठूलो विष्फोटको आवाज सुनिएको थियो। दुर्घटनाबारे जानकारी पाउनेबित्तिकै वारुणयन्त्र, प्रहरी र स्वास्थ्यकर्मीको टोली परिचालन गरिएको थियो।

बेनिनमा तस्करी गरिएको पेट्रोल देशको पूर्वी छिमेक नाइजेरियाबाट आउने गरेको छ। नाइजेरिया अफ्रिकाको प्रमुख तेल उत्पादक देश हो जहाँ इन्धन धेरै सस्तो छ। मुनाफा कमाउने उद्देश्यले धेरैले गैरकानुनीरुपमा इन्धन भण्डारण गर्दा बेलाबेलामा बेनिन र नाइजेरियामा पनि यस्ता अकल्पनीय दुर्घटना हुने गरेका छन्। यसैबीच, बेनिनको कानुन मन्त्रालयले दुर्घटनाको छानबिन थालेको बताएको छ।

### पश्चिम किनारमा दुई प्यालेस्टिनी मारिए

रामल्लाह (प्यालेस्टाइन क्षेत्र), ७ असोज (रासस/एएफपी)।

इजरायली सेनाले आइतबार बिहान पश्चिम किनारमा दुई जना प्यालेस्टिनीको गोली हानेर हत्या गरेको प्यालेस्टिनी स्वास्थ्य मन्त्रालयले जनाएको छ।

नुर शाम्स शरणार्थी शिविरमा भएको झडपका क्रममा दुई जना प्यालेस्टिनीको टाउकोमा गोली लागेर मृत्यु भएको उक्त मन्त्रालयले बताएको छ। मन्त्रालयका अनुसार २२ वर्षीय ओसैद अबु अली र ३२ वर्षीय अब्दुल रहमान अबु दगासले ज्यान गुमाएका छन्।

इजरायली सेनाले पनि आतङ्कवादविरुद्धको कारबाहीमा दुई जना प्यालेस्टिनी मारिएका पुष्टि गरेको छ। गत वर्षको प्रारम्भदेखि पश्चिम किनारमा इजरायल-प्यालेस्टाइन द्वन्द्व भीषण भिडन्तमा परिणत भएको छ। गत मङ्गबारदेखि त्यहाँ भड्किएको हिंसामा परी कम्तीमा आठ जना प्यालेस्टिनी मारिएका छन्।

शिविरबाट इजरायली सेनाले भारी मात्रामा विष्फोटक पदार्थ, उपकरण र हतियार बरामद गरिएको एक विज्ञप्ति निकालेर जनाएको छ। शिविरबाट संदिग्ध आतङ्वादीहरूले गोलीसहित विस्फोटक उपकरणबाट आक्रमण गरेपछि प्रतिरक्षात्मक कारबाही गरिएको स्पष्ट गरेको छ।

सन् १९६७ मा छ दिनको युद्धपछि इजरायलले पश्चिमा किनारमा आफ्नो नियन्त्रण कायम गरेको छ। स्वतन्त्र प्यालेस्टाइन राज्यको माग गर्दै आएका प्यालेस्टिनीहरूले छ दिने युद्धमा कब्जा गरेको सबै भूभागबाट इजरायल फिर्ता हुनुपर्ने र त्यहाँका यहूदी बस्तीहरू भत्काउनुपर्ने माग गर्दै आएका छन्। यद्यपि इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुको कट्टर दक्षिणपन्थी गठबन्धन सरकारले बस्ती विस्तारलाई अगाडि बढाएको छ।

### आत्मघाती आक्रमणमा तेह्र जना मारिए

मोगादिसु, ७ असोज (रासस/एएफपी)।

मध्य सोमालियामा भएको आत्मघाती आक्रमणमा १३ जनाको मृत्युभएको पुष्टि भएको छ भने अन्य ४५ जना घाइते भएका छन्।

एक जना आत्मघाती हमलाकारीले विस्फोटक पदार्थले भरिएको ट्रकलाई शनिबार बेलेडवेन सहरको सुरक्षा चौकीमा ठोक्काउँदा भवन भत्किएको छ। भग्नावशेषमा पुरिएकाहरूको खोजी तथा उद्धार जारी रहेकाले ज्यान गुमाउनेको सङ्ख्या बढ्नसक्ने सुरक्षा अधिकारीहरूले बताएका छन्। एक जना प्रहरी अधिकारीले आइतबार एएफपीलाई बताएअनुसार ज्यान गुमाउनेको सङ्ख्या १३ नाघेको छ तर उनले मृतकको यकिन अङ्क बताउन सकेनन्। विस्फोट भएको ठाउँमा खोजी जारी छ।

भग्नावशेषबाट शव निकाल्न नरोकिएकाले वास्तविक मृतकको सङ्ख्या बताउन कठिन भएको उनले जनाए। सोमालियाका राष्ट्रपति हसन शेख मोहम्मदले आक्रमणमा परी ज्यान गुमाएकाहरूका परिवारजनप्रति शोक प्रकट गर्दै आफ्नो सरकारविरुद्ध लागेको अतिवादी समूह अल-शबाब लडाकूहरूलाई परास्त गरेर छाड्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

"यस्ता घटनाहरूले हामीलाई आतङ्कवादीहरूलाई निर्मूल गर्ने अभियानबाट कहिल्यै रोक्न सक्दैनन" उहाँले एक विज्ञप्तिमा भन्नुभएको छ।

# सर्लाहीलगायत जिल्लाका घटनाबारे गम्भीर भएर छलफल गरिरहेका छौं : गृहमन्त्री श्रेष्ठ

काठमाडौं, ७ असोज (रासस)।

उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले सर्लाहीलगायत मधेस प्रदेशका जिल्लामा भइरहेका घटनाबारे आवश्यकता परेको खण्डमा नयाँ ढङ्गले निर्णय लिनसक्ने सङ्केत गर्नुभएको छ।

प्रतिनिधिसभाको राज्यव्यवस्था तथा सुशासन समितिको आइतबारको बैठकमा उहाँले कोशी र मधेस प्रदेशको शान्ति सुरक्षासहितको वस्तुस्थितिबारे प्रशासन र सुरक्षा संयन्त्रमार्फत निरन्तर जानकारी लिने कार्य भइरहेको बताउनुभयो।

बैठकमा नेकपा (एमाले)का रघुजीपन्त र लोकतान्त्रिक समाजवादी पार्टीका सर्वेन्द्रनाथ शुक्लाले सर्लाहीलगायतका जिल्लामा धार्मिक साम्प्रदायिक घटना गराउने प्रयासले तनाव बढिरहेकाबारे समितिमार्फत सरकारलाई जानकारी गराउँदै त्यसबारे आवश्यक जानकारी माग गर्नुभएको थियो।

नेपाल बहुजातीय, बहुसांस्कृतिक, बहुधार्मिक र विविधताबीचको एकता रहेको मुलुक भएकाले यसमा आँच पुऱ्याउने र खलल पार्ने कार्य भइरहेको भन्ने सूचनाप्रति सरकार गम्भीर रहेको बताउदै गृहमन्त्री श्रेष्ठले भन्नुभयो, "जान/अञ्जानमा हो वा कुनै निश्चित उद्देश्य लिएर भइरहेको छ भन्ने प्रश्न उठेको छ, यसलाई गम्भीरतापूर्वक लिएका छौं।"

उहाँले सकेसम्म प्रशासनिक निर्णय लिन नपरोस् भनेर सरकार लागिरहेको भन्दै पछिल्लो समय अवस्था बिग्रँदै गएकाले प्रशासनिक निर्णय गर्ने विषयमा छलफल भइरहेको जानकारी दिनुभयो।

उपप्रधानमन्त्री श्रेष्ठले भन्नुभयो, "मूलभूतरुपमा प्रशासनिक विधिबाट समाधान गर्दा आउन सक्ने चुनौतीको पाटोलाई ध्यान दिँदै वैचारिक, राजनीतिक ढङ्गले वातावरण बनाएर समाधान खोज्ने प्रयत्न भइरहेको छ। प्रशासनिक पक्षबाट पनि गम्भीर छौं, सम्पूर्ण प्रशासन र प्रहरी समयन्त्रलाई कुनै कमजोरी हुन नदिन संयमपूर्वक अघि बढ्नेछौं।"

# सबै धर्म र समुदायबीच आपसी सद्भाव कायम राख्ने सर्वपक्षीय सहमति

वीरगञ्ज, ७ असोज (रासस)।

सबै धर्म र समुदायबीच आपसी सद्भाव कायम राख्ने सर्वपक्षीय सहमति भएको छ। जिल्ला प्रशासन कार्यालय पर्सामा आइतबार भएको सर्वपक्षीय बैठकमा सबै धर्म, संस्कृतिको सम्मान गर्दै आपसी सद्भाव कायम राख्ने सहमति भएको हो।

राजनीतिक दलका प्रतिनिधि, नागरिक समाज, विभिन्न धार्मिक समुदायका अगुवालगायतको उपस्थितिमा बसेको बैठकमा अबदेखि शान्ति सुरक्षा अमनचैनमा असर पर्ने गरी धार्मिक एवं सामुदायिक प्रकारको ऱ्याली, जुलुस, प्रदर्शन र बन्द हड्ताल नगर्ने सहमति भएको पर्साका निमित्त प्रमुख जिल्ला अधिकारी शिवप्रसाद लम्सालले जानकारी दिनुभयो।

"बहुजातीय, बहुभाषिक, बहुधार्मिक एवं बहुसांस्कृतिक विशेषतायुक्त हाम्रो राष्ट्रको गरिमालाई आत्मसात गर्दै सबै धर्म एवं सम्प्रदायसँग सम्बद्ध सङ्घसंस्थाहरू विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्द्धन गर्ने हिसाबले समतामूलक समाजको निर्माणमा अगाडि बढ्ने हाम्रो राष्ट्रको मर्म रहेअनुसार शान्ति अमनचैनमा खलल हुने किसिमका धार्मिक एवं सामुदायिक प्रकारका ऱ्याली, बन्द आदि कार्यक्रम एवं गतिविधि कुनै पनि सङ्घसंस्था एवं समुदायले नगर्ने र यसमा सबै राजनीतिक दल, स्थानीय तह, नागरिक समाज, संस्था, क्षेत्रलगायतका सरोकारवालाले सहयोग गर्ने सहमतिपत्रमा उल्लेख छ।

मूर्ति विर्सजनको क्रममा सर्लाहीको मलगङ्वामा दुई पक्षबीच विवादलाई लिएर हिन्दू समाजले हिजो वीरगञ्ज बजार बन्द गराउँदै प्रदर्शन गरेको थियो। सो क्रममा प्रहरी र प्रदर्शनकारीबीच विवाद भएको थियो।

यसैबीच वीरगञ्ज महानगरपालिकाको अगुवाइमा भोलि वीरगञ्जमा धार्मिक सद्भाव ऱ्याली निकाल्ने तयारी भएको छ। वीरगञ्ज महानगरपालिकाले आइतबार एक सूचना जारी गर्दै भोलि सोमबार बिहान ११ बजे सद्भाव ऱ्याली निकाल्ने जानकारी दिएको छ।

वीरगञ्जको आर्दशनगरमा रहेको स्वीमिङपुलबाट सद्भाव ऱ्याली निकाल्ने वीरगञ्ज महानगर पालिकाको सूचनामा भनिएको छ।

# दुई महिनामा दुई खर्ब ५९ अर्बको वस्तु आयात हुँदा २६ अर्बको निर्यात

काठमाडौं, ७ असोज (रासस)।

चालु आर्थिक वर्ष २०८०/८१ को सुरुवाती दुई महिनामा मुलुकले रू दुई खर्ब ५९ अर्ब ७४ करोड ९८ लाख बराबरको वस्तु आयात गर्दा निर्यात भने रू २६ अर्ब ४४ करोड ७० लाखमा खुम्चिएको छ। भन्सार विभागले सार्वजनिक गरेको भदौ मसान्तसम्मको तथ्याङ्कअनुसार दुई महिनामा मुलुकले कुल रू दुई खर्ब ८६ अर्ब १९ करोडको वैदेशिक व्यापार गर्दा रू दुई खर्ब ३३ अर्ब ३० करोड बराबर घाटा व्यहोरेको छ।

विभागको तथ्याङ्कअनुसार गत आर्थिक वर्षको भदौ मसान्तसम्मको तुलनामा चालु आवको सोही अवधिमा वस्तुको आयात पाँच दशमलव ६ प्रतिशत र निर्यात सात दशमलव ७९ प्रतिशतले घटेको छ। यो अवधिमा समग्र वैदेशिक व्यापारमा पाँच दशमलव ३२ प्रतिशतको गिरावट देखिएको हो।

गत साउन र भदौ महिनामा नेपालले भारतबाट मात्र रू एक खर्ब ६० अर्ब ७५ करोड बराबरको वस्तु आयात हुँदा रू १६ अर्ब ७३ करोड बराबरको निर्यात भएको छ। अर्थात् नेपालले यो अवधिमा भारतसँग मात्र रू एक खर्ब ४४ अर्बको व्यापार घाटा व्यहोरेको छ।

त्यस्तै, चीनबाट रू ४६ अर्ब ५४ करोड ३२ लाख बराबरको वस्तु आयात हुँदा रू ५४ करोड ३३ लाख बराबरको मात्रै निर्यात भएको छ।

गत दुई महिना अवधिको चीनसँगको व्यापार घाटा करिब रू ४६ अर्ब बराबर हो। नेपालले गर्ने वैदेशिक व्यापारमा नाफा भएको मुलुकमा भने संयुक्त राज्य अमेरिका देखिएको छ। साउन र भदौमा अमेरिकाबाट रू दुई अर्ब २२ करोड बराबरको वस्तु आयात गर्दा रू तीन अर्ब ३६ करोड बराबरको निर्यात गरेको देखिन्छ। अमेरिकासँगको व्यापार नाफा रू एक अर्ब १४ करोड बराबर हो।

# विधान अभिमुखीकरण गर्दै जसपा

काठमाडौं, ७ असोज (रासस)।

जनता समाजवादी पार्टी (जसपा) नेपालले आइतबारदेखि मुलुक बाहिर रहेका नेपालीका लागि विधानमाथि अभिमुखीकरण कार्यक्रम गर्ने भएको छ।

जसपा, नेपालका विभिन्न १८ वटा मुलुकमा गठन भएका नेपाली समाजका प्रतिनिधि जुम एपमार्फत अभिमुखीकरण कार्यक्रममा सहभागी हुने सो पार्टीका प्रचार-प्रसार तथा प्रकाशन विभाग प्रमुख पूर्ण बस्नेतले रासससलाई जानकारी दिनुभयो।

उहाँका अनुसार अभिमुखीकरण कार्यक्रममा पार्टीका सङ्घीय परिषद् अध्यक्ष एवं शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोककुमार राई, पार्टीका राजनीतिक समिति सदस्यद्वय आइकाजी शेर्पा र खगेन्द्र माखिमले विधानबारे प्रशिक्षण दिने कार्यक्रम रहेको छ।

कार्यक्रमको आयोजक पार्टी सम्बद्ध प्रवास विशेष प्रदेश समिति रहेको छ। जसपाको अमेरिका, बेलायत, इजरायल, थाइल्याण्ड, पोर्चुगल, युएई, कतार, कुवेत, हङकङ, बहराइनलगायतका मुलुकमा प्रवास सङ्गठन रहेको बस्नेतले बताउनुभयो।

# दुवै पक्षलाई संयमित हुन आमसञ्चार प्राधिकरणको आग्रह

**दैनिक समाचारदाता**
**राजविराज, ७ असोज।**

विगत केही दिन यता सर्लाहीको मलङ्वा नगरपालिकामा मूर्ति सेलाउने क्रममा उत्पन्न द्वन्द्वका कारण सिर्जित प्रतिकूल अवस्थाप्रति मधेस प्रदेशको आमसञ्चार प्राधिकरणले चिन्ता व्यक्त गरेको छ।

दुई साता अघि कृष्ण जन्माष्टमीको मूर्ति विसर्जनको क्रममा सुरु भएको विवाद साम्य भइसकेको अवस्थामा गत शुक्रबार साँझ गणेश चतुर्थीको मूर्ति सेलाउन जाने क्रममा झडप हुँदा घटनाले उग्र रूप लिएको हो।

प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादवले घटनामा घाइते भएकाहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै द्वन्द्वरत दुवै पक्षलाई संयमित हुन आग्रह गरेका छन्।

सामाजिक एकता र सद्भावको पक्षमा उभिन मलङ्वाबासीलाई उनले अपिलसमेत गरेका छन्। केही दिनयता अशान्त एवम् निरन्तर कर्फ्यु जारी रहेकोले अवस्था सहज बनाउनका लागि सम्बद्ध सबै पक्षलाई आ-आफ्नो तवरबाट गम्भीर बन्न उनको आग्रह छ।

'विविधतासहितको एकतामा आधारित हाम्रो धर्म, संस्कृति र परम्परा एक अर्काको आस्था, भावना र परम्पराप्रति सहिष्णुता सहित सामाजिक सद्भाव र एकताको पक्षमा रहँदै आएका छौं। संविधानले सबैलाई धर्म र मर्यादा अवलम्बन गर्ने हक सुनिश्चित गरेकोले एक अर्काको धार्मिक गतिविधिमा अवरोध वा खलल पार्ने कार्य कोही कसैबाट हुनु हुँदैन। जस्तोसुकै समस्या, विमति र चुनौतीहरू वार्ता संवाद, सहमति, र सहकार्यबाट गर्न सकिने भएकोले यसतर्फ गम्भीर बन्न सम्बद्ध पक्षसँग आग्रह छ,' उनले भने।

मलङ्वामा उत्पन्न द्वन्द्व र त्यसबाट सिर्जित घटनाहरूबारे फेसबुक, पेज, युट्युब, टिकटक, इन्टाग्राम लगायतका केही सामाजिक सञ्जालमा अतिरञ्जित, उत्तेजक, घृणा, द्वेष तथा द्वन्द्वलाई प्रोत्साहित गर्ने खालका भड्काउपूर्ण पोष्ट एवम् सन्देशहरू प्रवाह भइरहेको पाइएकोले यस्ता कार्य नगर्न नगराउन पनि आग्रह गरिएको छ।

## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने।
६. सकभर अग्लो स्थानमा बस्ने।
७. धातुको ह्यान्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ। तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय बायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : राजविराज दैनिक**


**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७



**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*